# देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको बैठक

बैठक संख्याः ०९-२०८२/०८३

मिति २०८२/१०/२६

समय: विहान ११:०० बजे

स्थान: गाउँ कार्यपालिकाको कार्यालय

अध्यक्षता: गाउँपालिका अध्यक्ष श्री तिल बहादुर थापा

**उपस्थितीः**

| नामथर | पद |
|---|---|
| श्री तिल बहादुर थापा | गा. पा. अध्यक्ष |
| श्री भुवन सिं गुरुङ | गा. पा. उपाध्यक्ष |
| श्री मनि राज गुरुङ | १ नं. वडाध्यक्ष |
| श्री मीन बहादुर राना मगर | २ नं. वडाध्यक्ष |
| श्री टेक बहादुर आले | ३ नं. वडाध्यक्ष |
| श्री मित्र लाल गुरुङ | ४ नं. वडाध्यक्ष |
| श्री पूर्ण बहादुर कुँवर | ५ नं. वडाध्यक्ष |
| श्री बाल कुमारी परियार | गा.का.पा. सदस्य |
| श्री हुम माया खान | गा.का.पा. सदस्य |
| श्री याम माया गुरुङ | गा.का.पा. सदस्य |
| श्री मन माया वि.क. | गा.का.पा. सदस्य |
| श्री गंगा सिं वि.क. | गा.का.पा. सदस्य |
| श्री बाबुराम परियार | गा.का.पा. सदस्य |
| श्री राजिव पन्थी | सचिव (प्रमुख प्रशासकीय अधिकृत) |

श्री गोविन्द प्रसाद पौडेल अधिकृत

श्री जीवन ज्ञवाली, ([illegible])

श्री शरद खौपाने लेखा अधिकृत

श्री रिज बहादुर गुरुङ [illegible]

देवघाट गाउँपालिका गाउँपालिका कार्यालय देवघाट, तनहुँ गण्डकी प्रदेश, नेपाल २०७४

## देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको वैठक

**मिति: २०८२/१०/२६** **वैठक संख्या: ०९-२०८२/०८३**

**प्रस्तावहरु:**

१. समीक्षा सम्बन्धमा।
२. सडक बोर्ड मार्फत विनियोजित योजना कार्यान्वयन सम्बन्धमा।
३. मतदाता शिक्षा स्वयं सेवकको पारिश्रमिक तथा खाजा खर्च व्यवस्थापन सम्बन्धमा।
४. विशेष अनुदान तथा समपुरक अनुदानको लागि योजना छनौट सम्बन्धमा।
५. क्वादी खोला खानेपानी योजनाको विशेष अनुदान क्रमागत बजेट माग नगर्ने सम्बन्धमा।
६. च्याउ उत्पादन सहयोग कार्यक्रम अन्तर्गत प्रस्ताव छनोट सम्बन्धमा।
७. शिक्षक दरबन्दी मिलान तथा विद्यालय समायोजन सम्बन्धी कार्यदल गठन सम्बन्धमा।
८. गाउँ शिक्षा समितिको निर्णय अनुमोदन गर्ने सम्बन्धमा।
९. वेणिसंगम जानेबाटोको सिंडी निर्माण सम्बन्धमा।
१०. गाउँपालिकाको लोगो निर्माण सम्बन्धमा।
११. विपद् सम्बन्धी।
१२. आर्थिक सहयोग सम्बन्धमा।
१३. देवघाट युवा जागरण समाजलाई आर्थिक सहयोग सम्बन्धमा।
१४. विज्ञापन सहयोग रकम सम्बन्धमा।
१५. निर्वाचनमा खटिने सुरक्षाकर्मीको लागि सवारी साधन उपलब्ध गराउने सम्बन्धमा।
१६. अघोरी आश्रमलाई रकम उपलब्ध गराउने सम्बन्धमा।
१७. GMR कन्ट्रक्सनलाई रकम भुक्तानी सम्बन्धमा।
१८. स्थानीय विदा सम्बन्धमा।

**निर्णयहरु:**

**निर्णय नं. १:** प्रस्ताव नं. १ का सम्बन्धमा यस अगाडिको बैठकमा गरिएका निर्णयहरु कार्यान्वयन सम्बन्धमा समीक्षा गरियो। कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाइयो।

**निर्णय नं. २:** प्रस्ताव नं. २ का सम्बन्धमा सडक बोर्ड नेपालको मिति २०८२/०९/२९, च.नं. ६८९ को पत्र बमोजिम चालु आ.व ०८२/०८३मा स्थानीय सडक मर्मत सम्भार कार्यको लागि विनियोजित रकम रु ५ लाख देवघाट गाउँपालिका वडा नं. ५ स्थित दास ढुंगा पुल नजिकको मुख्य बाटो स्तरोन्नती ( ढलान कार्य) को लागि योजना कार्यान्वयन गर्ने र प्राविधिक लागतको आधारमा रकम नपुग हुने भएमा गाउँपालिकाको उपयुक्त शिर्षकवाट व्यहोर्ने गरी रकम थप गर्ने सर्वसम्मत निर्णय गरियो।

तिल वहादुर थापा
अध्यक्ष

देवघाट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
देवघाट, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

**निर्णय नं. ३:** प्रस्ताव नं. ३ का सम्बन्धमा मिति २०८२ फागुन २१ गते प्रतिनिधि सभा सदस्य निर्वाचन प्रयोजनको लागि मतदाता शिक्षा विशेष कार्यक्रममा खटिने स्वयंसेवकहरु, स्रोतव्यक्तिको पारिश्रमिक, दैनिक भत्ता, खाजा तथा यातायात खर्च उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ४:** प्रस्ताव नं. ४ का सम्बन्धमा राष्ट्रिय योजना आयोगको मिति २०८२/०८/२६ गते प्रकाशित संघीय समपूरक र विशेष अनुदान अन्तर्गत स्थानीय तहबाट आ.ब. २०८३/०८४ मा सञ्चालन गरिने योजना कार्यक्रमका लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना बमोजिम देवघाट गाउँपालिकाबाट निम्न योजनाहरुको प्राथमिकीकरण गरी माग गर्ने सर्वसम्मत निर्णय गरियो।

**समपूरक अनुदान तर्फ**

क) गाईघाट-छिपछिपे-सानुभञ्ज्याङ सडक खण्डको स्तरोन्नती आयोजना, (देवघाट १,२,३ र ४)
ख) सिञ्ज्याङगढी पर्यटन प्रवर्द्धन कार्यक्रम (देवघाट-४)
ग) भुवनटार त्रिशुली नदी तटबन्धन आयोजना (देवघाट-५)

**विशेष अनुदान तर्फ**

क) राष्ट्रिय मा.वि. काफलडाँडाको छात्रावास र कम्पाउन्ड वाल निर्मार्ण योजना (देवघाट-४)
ख) आग्रीडाँडा भुजेल समुदाय आवास निर्माण कार्यक्रम (देवघाट-४)
ग) देवघाट कृषि परियोजना (पालिका स्तरीय)

**निर्णय नं. ५:** प्रस्ताव नं. ५ का सम्बन्धमा चा.लु. आ.व. २०८२/०८३ मा देवघाट गाउँपालिकामा संघीय विशेष अनुदान मार्फत विनियोजित त्रिवर्षिय क्वादी खानेपानी योजनाको आगामी दुई वर्षको क्रमागत बजेट माग नगर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ६:** प्रस्ताव नं. ६ का सम्बन्धमा देवघाट गाउँपालिकाको वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत सिताके च्याउ उत्पादन सहयोग कार्यक्रम सञ्चालनको लागि पेश भएको प्रस्तावको स्थलगत निरीक्षण पश्चात कृषि विकास शाखाको प्राविधिक प्रतिवेदन र सिफारिसको आधारमा देवघाट गाउँपालिका ४ मा अवस्थित गढी कृषि तथा पशुपंक्षी कृषक समूहलाई स्वीकृत बजेटको अधिनमा रही कार्यक्रम सञ्चालानार्थ छनौट गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ७:** प्रस्ताव नं. ७ का सम्बन्धमा देवघाट गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयमा दरवन्दी मिलान साथै विद्यालय समायोजन गर्ने प्रयोजनको लागि ३४ वटै सामुदायिक विद्यालयमा स्थलगत रुपमा विद्यार्थी संख्या, शिक्षक संख्या, भौगोलिक अवस्था, नजिकको विद्यालयसँगको दुरी साथै विद्यालयको समग्र भौतिक अवस्थाको अध्ययन गरी २०८२ फागुन मसान्तसम्म गाउँ शिक्षा समिति समक्ष लिखित रुपमा वस्तुगत तथ्यांक सहित सुझाव समेत पेश गर्न तथा दरवन्दी मिलान तथा विद्यालय समायोजन अध्ययन गरी सुझाव पेश गर्नका लगि तोप बहादुर कुँवरको संयोजक्तवमा गठित ५ सदस्यिय कार्यदल गठन गर्ने गाउँ शिक्षा समितिको मिति २०८२/१०/२० को निर्णय सर्वसम्मत रुपमा अनुमोदन गर्ने निर्णय गरियो।

तिल बहादुर थापा

**निर्णय नं. ८:** प्रस्ताव नं. ८ का सम्बन्धमा गाउँ शिक्षा समितिको मिति २०८२/१०/२० को निर्णय सर्वसम्मत रुपमा अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९:** प्रस्वाव नं. ९ का सम्बन्धमा देवघाट गाउँपालिका वडा नं. ५ स्थित गलेश्वर आश्रमको तल वेणिसंगम जानेबाटोको सिंडी निर्माणका लागि लागत स्टिमेट तयार गरी सिंडी निर्माण गर्ने र सो को लागि आवश्यक वजेट व्यवस्थापन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. १०:** प्रस्ताव नं. १० का सम्बन्धमा देवघाट गाउँपालिकाको लोगो निर्माण र गाउँपालिका गान निर्माणका लागि कार्यप्रक्रिया अगाडी वढाउने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ११:** प्रस्ताव नं. ११ का सम्बन्धमा देवघाट गाउँपालिका विपद् व्यवस्थापन समितिको मिति २०८२/१०/०८ को निर्णयानुसार सिफारिस भई आएका देहाय बमोजिमका निर्णयहरु सर्वसम्मत रुपमा अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो ।

क) देवघाट ५ को विभिन्न ठाउँहरु बासुचोकबाट क्षेत्रविकास समितिको भवन सम्म, टाउन चोक देखि डवली पार्क हुदै देउपुर गुम्वा सम्म, बसन्तपुर खेलकुद मैदान वरपर, घिनाटार दुर्गा मन्दिर विष्णु पौडेल घर नजिक, घिनाटार अधेरी खोल्सा वरपर गरि करिब १४ वटा जिर्ण रुखहरुका कारणले हावाहुरी र वर्षायाममा जनधनको क्षति हुन सक्ने सम्भावना भएको हुदाँ सो जोखिमयुक्त रुखहरु कटानका लागि डिभिजन वन कार्यालय तनहुँमा सिफारिस गर्ने निर्णय गरियो ।

ख) देवघाट-३ बालकेश मा.वि. अगाडी र पछाडी पहिरोको कारणले विद्यालयको भवन जोखिममा रहेको हुदाँ विद्यालयको भवन संरक्षण गर्नका लागि प्राविधिक पठाई प्राविधिकको प्रतिवेदनका आधारमा आवश्यक वजेट व्यवस्थापनका गरिदिन कार्यपालिकामा सिफारिस गर्ने निर्णय गरियो

ग) वर्षायाममा विपद् प्रतिकार्यका लागि ५ लाखको ग्याविन जाली खरीदका लागि आवश्यक वजेट व्यवस्थापनका लागि कार्यपालिकामा सिफारिस गर्ने निर्णय गरियो ।

घ) विपद् प्रतिकार्यका लागि आवश्यक सामाग्री खरिद गर्न रु. ५ लाख वजेट व्यवस्थापनका लागि कार्यपालिकामा सिफारिस गर्ने निर्णय गरियो ।

ङ) देवघाट गाउँपालिकामा विपद् सम्वन्धी प्रतिकार्यका गर्न आपतकालिन कार्यसञ्चालन केन्द्र स्थापनाका लागि कार्यपालिकामा सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२:** प्रस्ताव नं. १२ का सम्बन्धमा तपसिल बमोजिमका असाहय तथा दिर्घरोगी व्यक्तिहरुलाई आर्थिक सहयोग उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

क) गन्त बहादुर गुरुङ, देवघाट-१ – रु. ५०,०००/- (ब्लड क्यान्सर उपचार खर्च)

ख) बल बहादुर न्यौपाने, देवघाट-५ – रु. १५,०००/- (उपचार खर्च)

ग) धन बहादुर ढेंगा, देवघाट-२ – रु. १५,०००/- (सहयोगार्थ एकाघरको परिवारको सदस्यलाई)

घ) विमति गुरुङ, देवघाट-५ – रु. २५,०००/- (उपचार खर्च)

ङ) एक माया भुजेल, देवघाट-४ – रु. १५,०००/- (छोरा नवीन भुजेलको उपचार्थ)

तिल बहादुर थापा
अध्यक्ष

च) मिना मगर, देवघाट-१- रु. १५,०००/- (उपचार खर्च)

छ) चित्त बहादुर थापा, बन्दिपुर-३, तनहुँ – रु. १५,०००/- (द्वन्दकालमा घाइते)

**निर्णय नं. १३:** प्रस्तवा नं. १३ का सम्बन्धमा देवघाट गाउँपालिका वडा नं. ५ स्थित देवघाट युवा जागरण समाजद्वारा मिति २०८२/०९/०७ गते देखि १४ गतेसम्म सम्पन्न भएको 7A साईड खुल्ला महिला तथा पुरुष फुटबल अन्तर जिल्ला प्रतियोगिताको लागि रु. ५०,०००/- (अक्षरुपी पचास हजार रुपैयाँ मात्र) खेलकुद सहभागिता सहयोगार्थ शीर्षकबाट युवा जागरण समाज, देवघाट-५, तनहुँलाई उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. १४:** प्रस्ताव नं. १४ का सम्बन्धमा जनज्योति क्याम्पस, भिमाद-६, तनहुँद्वारा प्रकाशित ज्योतिपुञ्ज स्मारिक-२०८२ मा देवघाट गाउँपालिकाबाट शुभकामना तथा विज्ञापन प्रकाशन भएकोले सो बापतको विज्ञापन खर्च रु. २०,०००/- (अक्षरुपी बिस हजार रुपैयाँ मात्र) उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. १५:** प्रस्ताव नं. १५ का सम्बन्धमा देवघाट गाउँपालिकाको ५ वटै वडाका लागि खटि आएका सुरक्षाकर्मीहरुले भौगोलिक विकटताको कारणले आफुसँग उपलब्ध भएको सवारी साधन सबै बुथ केन्द्रहरुमा सुरक्षाका लागि सुविधा दिन असम्भव भएकोले आवश्यक सवारी साधन बढीमा ४ दिनको लागि दैनिक २ वटा कच्ची बाटोमा चल्ने ४ पाङ्ग्रे सवारी साधन माग गरिएको हुँदा उक्त साधनको लाग्ने भाडा गाउँपालिकाले व्यहोर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. १६:** प्रस्ताव नं. १६ का सम्बन्धमा देवघाट गाउँपालिका वडा नं. ५ स्थित अघोरी आश्रम निर्माणको लागि खर्च भएको रकम रु. २५०००/- सम्बन्धित फर्मलाई बिल भरपाई अनुसार रकम उपलब्ध गराउने ।

**निर्णय नं. १७:** प्रस्ताव नं. १७ का सम्बन्धमा देवघाट गाउँपालिकाको ठेक्का नं. NCB/DRM/Road/CN1/2079/080 घिनाटार-देवघाट-देउपुर सडक स्तरोन्नती गर्ने कार्यको प्राविधिक प्रतिवेदन र अनुगमनको आधारमा जि.एम.आर. कन्ट्रक्सनलाई बाँकि रकम नियमानुसार भुक्तानी प्रक्रिया अघि बढाउन सुझाव दिने निर्णय गरियो ।

**निर्णय नं. १८:** प्रस्ताव नं. १८ का सम्बन्धमा यहि मिति २०८२/११/१५ शुक्रबार (February 27, 2026) गते परेको ४४ औं मगर दिवसको अवसरमा यस देवघाट गाउँपालिका तथा गाउँपालिका अन्तर्गतका सम्पूर्ण कार्यालयहरु, सामुदायिक एवं निजी शैक्षिक संस्था, स्वास्थ्य संस्था (अत्यावश्यक सेवा बाहेक) र अन्य संघ संस्थाहरुमा सार्वजनिक विदा दिने सर्वसम्मत निर्णय गरियो ।

तिल बहादुर थापा
अध्यक्ष